## गोजमुमोले चुनाउ जित्ने...

चुनाउमा पनि तृणमूल अनि जाप गठबन्धन हुने हल्ला चलिरहेको अवस्थामा जाप अध्यक्षले एक्लै चुनाउ लड्ने घोषणा गरेका हुन्। 'हामी आफ्नै बुतामा चारवटा नगरपालिका क्षेत्रमा चुनाउ लड्नेछौं। हामीलाई हाम्रो क्षमतामाथि विश्वास छ' डा. हर्कबहादुर छेत्रीले भने। यसक्रममा उनले आगमी नगरपालिका चुनावामा विशेष गरेर कालेबुङ नगरपालिकामा जन आन्दोलन पार्टीले बोर्ड निश्चित बनाउने दाबी गर्दै अन्य नगरपालिका क्षेत्रमा पनि जापले राम्रो परिणाम निकाल्ने दाबी गरेका छन्। उनले केही दिनअघि गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष विमल गुरुङले पहाडका चारवटा नगरपालिकामा अन्य राजनैतिक दलहरूले विजयी हुने सपना नदेख्दा हुनेछ भनी दिएको बयानबारे पनि टिप्पणी गर्दै उल्टै गुरुङलाई चुनाउ सहजै जित्ने सपना नदेख्दा हुन्छ भनि प्रतिक्रिया दिएका छन्। 'विमल गुरुङले अब सपनामा पनि लगाम लगाउने कोशिश गर्दैछन्। उनले चारवटै नगरपालिकामा अन्य राजनैतिक दलहरूले जित्ने सपना नदेख्दा हुनेछ भनेका रहेछन्। वास्तवमा भन्नु हो भने अब गुरुङले सहजै चुनाउ जित्ने सपना नदेखेको राम्रो हुनेछ। जनतालाई सही र गलत थाहा भइसकेको छ। अब जनताले १४ मई दिन आफ्नो निर्णय दिनेछन्' डा. छेत्रीले भने।

## रेड आरएच-का ६५००...

कहाँ निर्माण गरियो? के ती घरहरू पीड़ितकोमा पुगे त? भनी एसकेएम पार्टी अध्यक्ष गोलेले सरकारलाई प्रश्न गरेका छन्। पक्षपात गर्ने आदत राखेको पक्षपाती सरकारले साँचो पीड़ितलाई यो स्किम नपुऱ्याएको भन्दै गोलेले सरकारको आलोचना गरे। सिक्किम सरकारले २०११-को भुइँचालोलाई केन्द्रित गरेर केन्द्र सरकारबाट करोड़ौं रूपियाँ ल्याएको तर उक्त रकम सही ढङ्गमा उपयोग नभएकोमा पार्टी अध्यक्ष गोलेले एसडीएफ सरकारको तीब्र आलोचना गरे। आजको भ्रमण अवधिमा उक्त ग्रामीण क्षेत्रहरूमा अझ पनि सिरूले छापेको घरहरू देख्दा, बाटोको जर्जर अवस्था देख्दा, भुइँचालो पीड़ितहरूको घरहरू अझ पनि नबनिएको देख्दा मुख्यमन्त्रीको दीर्घमयादी विकास केवल भाषण र कागजमा मात्र भएको भन्दै उले सत्तारूढ़ सरकारको आलोचना गरे। आजको भ्रमण अवधिमा थाहा लागे अनुसार लोवर चोङराङदेखि अप्पर चोङराङ, गाङ्ग्याप, जाने सड़क सिक्किम संग्राम परिषद् सरकारको पालोमा खनिएको तर अहिलेसम्म कार्पेटिङ हुन नसकेको गुनासो स्थानीय जनताले पार्टी अध्यक्ष सामु राखे। स्थानीय जनताले यस विषयमा सरकार समक्ष धेरै चोटी उजुरी गरेको तर अहिलेसम्म सुनवाई नभएको गुनासो राखे। पीएमजीएसवाई सड़क निर्माण गर्दा सड़क खनिनुदेखि सड़कको अलकत्र लगाउनु पर्ने नियम पीएमजीएसवाईमा छ अनि चोङराङदेखि नेसा पोखरी डाँड़ा जाने सड़क ६ वर्ष अघि खनिएको तर अहिलेसम्म उक्त सड़कमा अलकत्र लगाइने काम नभएको थप गुनासो स्थानीय जनताले अध्यक्ष सामु राखे। यसैगरी उक्त सड़कको निर्माण कार्य पनि अति नै कमजोर ढङ्गले गरिएको हुँदा सड़कको स्तर अति नै दुःखदायक रहेको स्थानीय जनताले बताए। टाशीडिङ बजार पर्यटन र धार्मिक दृष्टिले महत्वपूर्ण रहेको कुरा वर्तमान सरकारलाई थाहा हुँदा हुँदै पनि आजसम्म सुन्दरीकरण गर्ने पहल नगरेको कुरा अध्यक्ष गोलेले जनतालाई सुनाए। सिक्किम सरकारले पर्यटनको क्षेत्रमा धेरै काम गरेको दाबी गर्छ तर टाशीडिङ जस्तो पर्यटन स्थललाई हेला गरेको देख्दा सरकारको बोलाई र गराईमा आकाश र पातालको फरक रहेको पार्टी अध्यक्षले बताए। यसैगरी टाशीडिङसम्म जोड़िने मुख्य सड़कहरूको नाजुक स्थिति देखेर पर्यटकहरूमा सिक्किमको छवि कस्तो देखिन्छ भन्ने कुरामा पनि उनले सरकारले सोचुपर्ने सुझाउ दिएका छन्। टाशीडिङलाई सही रूपमा आधुनिक सुविधा दिएमा त्यहाँ पर्यटनको क्षेत्रमा विकास गर्नसकिने क्षमता रहेको जसको कारण स्थानीयहरूले धेरै रोजगार पाउन सक्नेछन् तर यस सरकारलाई विशेष वर्गको विकास र कमिशनदेखि बाहेक अरू केही सोच भए सायदै टाशीडिङ जस्तो सुन्दर क्षेत्र यसरी पछौटे हुने थिएन भन्ने अध्यक्ष गोलेले राखेको एसकेएम पार्टीका प्रचार सचिव अरूण उप्रेतीले विज्ञप्तिमा जनाएका छन्।

## राष्ट्रिय राजमार्ग, राज्य...

अनुसार यस विषयमाथि पनि ध्यान दिन आवश्यक छ कि सर्वोच्च न्यायालयले राजमार्गमा मदिरा पसलमा जुन प्रतिबन्ध लगाएको छ, यो प्रतिबन्धभित्र बार, पब्स अनि रेस्टुरेन्टहरू पनि पर्छन्। सभाले धार्मिक स्थान परिसर, स्कूल क्षेत्र अनि भारी जन्संख्या रहेको स्थलहरूबाट पनि मदिरा पसलहरू हटाउने नियम रहेको बताएको छ। यो पनि जानकारी दिइएको छ कि राष्ट्रिय अनि राज्य राजमार्गहर साइनको प्रयोगलाई निषेध गरिएको छ। यसरी नै वर्तमान अस्तित्वमा रहेको मदिरा पसल अथवा फारमले एक ठाउँबाट अर्को ठाउँमा सार्न अथवा नवीकरणको निम्ति नगरपालिका अथवा पञ्चायतको अनापत्ति पत्र (एनओसी) अनिवार्य छ साथै यस विषयमा रिटेलरहरूले नाम्ची, जोरथाङ अनि राभाङलामा अवस्थित कुनै पनि एउटा आबकारी कार्यालयमा सम्पर्क राख्न सक्छन्। सभामा उपस्थित अधिकारीवर्गले यदि कुनै मदिरा पसलले उक्त नियम-कानून उलङ्घन गरेको खण्डमा कठोर कानुनी कार्वाही गर्ने विषयको एउटा निर्देश तयार गरेको छ, जसलाई सचिव, आबकारी अनि अन्य अधिकारीवर्ग समक्ष पनि पठाइएको प्रेस बयानमा बताइएको छ। आजको उक्त समन्वय सभामा बीजीओ, एनजेएमसी पार्षद लाइन विभागका अधिकारीहरू साथै नाम्ची अनि वरपरक्षेत्रका हितधारकहरू उपस्थित थिए।

## बाबुगिरीको चपेटमा परेर...

तीनवटा जिल्ला अस्पतालमा सामान आपूर्ति गर्ने कम्पनी आरएस ट्रेडिङ कम्पनीले आपूर्ति आदेश पाएको एक वर्ष विलम्बमा पनि सामान आपूर्ति नगरेको उजागर गरेको थियो। यस्तै अप्रेल २०१६ मा उपकरणहरुको स्थलगत निरीक्षण गर्दा यी मेशिनहरु जडान गरिएको थिएन तथा शुरु गरिएको थिएन। यी मेशिनहरु निष्क्रिय रहेको क्यागले पाएको थियो। यसरी यी चिकित्सा उपकरणहरु जडान नगर्दा वा प्रयोगमा नल्याउँदा परिणामस्वरुप मेशिनहरु निष्क्रिय त रह्यो नै, यसले जिल्लाका गरीब जनतालाई नियत लाभबाट बञ्चित गराइएको थियो। यति मात्र होइन, यी मेशिनहरुको आपूर्तिको नियम र शर्तलाई उल्लङ्घन गर्दै आपूर्तिकर्तालाई उपकरणको प्रयोग शुरु गर्न अघि नै रु.५.५४ करोडको भुक्तान गरिएको थियो।विभागसित यसको स्पष्टिकरण माग्दा बाहिर देश नेदरल्याण्डबाट यी उपकरणहरु ल्याउनुपरेकोले आपूर्तीमा बिलम्ब भएको जनाएको छ। यस अतिरिक्त, पर्याप्त विद्युत आपूर्तीको अभाव र धनराशिको कमीको कारणले यी मेशिनहरुलाई जडान गर्न नसकिएको बताइएको छ। तर क्याग विभागको यस जवाफप्रति सन्तुष्ट छैन। किनभने यी सामानहरुको आपूर्ति आदेश दिन अघि विभागले पर्याप्त विद्युत आपूर्ति र धनराशिको उपलब्धताको सुविधा सुनिश्चितता गर्नुपर्नेथियो। विभागले त्यस्तो औपचारिकता केही गरेन। धनराशिको निम्ति एफआरईडीसमक्ष अनुरोध चढाएको सम्बन्धनमा कुनै सहायक दस्तावेज पेश गर्न पनि विभाग विफल बनेको क्यागले आफ्नो रिपोर्टमा उल्लेख गरेको छ।

## प्रधानमन्त्री उज्वाला योजना...

कार्य गरे पनि त्यस एजेन्सिबाट पर्याप्त काम नभएको बताउँदै नगरपालिका क्षेत्रका निम्ति नगरपालिका प्रशासनले कार्य गर्नुपर्ने सुन्दासले माग गरेका छन्। माकपा टोलिले नगरपालिका क्षेत्रमा आधार नभएकाहरूको कार्ड खिच्ने कार्य के कति गर्दैछन् भन्ने जानकारी लिन जाँदा समबन्धित व्यक्तिले आधार कार्ड बनाउने जिम्मा एउटा कम्पनिले पाएको तर त्यस कम्पनिले भने कालेबुङमा आएर आजसम्म कार्य नगरेको जानकारी गराएको पनि सुन्दासले बताएका छन्। यसक्रममा यदि आधारा कार्डको अभावमा जनतालाई कुनै असुविधा भए अथवा सम्बन्धित ब्याङ्कहरूले खाता धारकहरूको खातालाई बन्द गरे त्यस आधार कार्ड बनाउने कम्पनिको विरूद्धमा मुद्दा दर्ता गर्ने चेताउनी दिएका छन्।

### *तृणमूल कंग्रेसले बजायो चुनावी विगुल*

# गणतन्त्रको स्थापना नै जनताको जीत : छेवाङ भोटिया

**कालेबुङ १५ अप्रेल।** तृणमूल कंग्रेस पार्टीले कालेबुङ शहरमा जुलूस निकालेर नगरपालिका चुनाउको शंखघोष गरेको छ। कालेबुङ जिल्ला गठनको मुद्दालाई नै केन्द्र राखेर तृणमूल कंग्रेसले कालेबुङ नगरपालिका चुनाउको निम्ति चुनावी विगुल फुकेको छ। राज्यको चुनाउ आयोगले आगामी १४ मईको दिन नगरपालिका चुनाउ सम्पन्न हुने घोषणा गरेपछि सर्वप्रथम आज तृणमूल कंग्रेसले शहरमा जुलूस निकालेर चुनावी विगुल फुकेको हो। यसक्रममा तृणमूल कंग्रेस कार्यकर्ताहरूले १० माइलस्थित पार्टी कार्यालयबाट एउटा चुनावी जुलूस निकालेको थियो भने उक्त जुलूसले शहर परिक्रमा गरिसकेपछि यहाँको थाना डाँडास्थित त्रिकोण पार्कमा आइपुगेर पथसभामा परिणत भएको थियो। पथसभालाई कालेबुङ जिल्ला तृणमूल कंग्रेसका कार्यकारी अध्यक्ष छेवाङ भोटिया, केएन सुब्बा, प्रणय थुलुङ, ढेण्डुप भोटिया आदिले सम्बोधन गरेका थिए। उनीहरूले मुख्यमन्त्री ममता ब्यानर्जीले कालेबुङ जिल्ला गठन गरेर महान कार्य गरेको दाबी गर्दै आगामी नगरपालिका चुनाउमा जनताले सही निर्णय गर्नुपर्ने आह्वान गर्दै गोजमुमो पार्टीको तानाशाही शासनको अन्त्य गर्नुपर्ने आह्वान गरेका छन्। यसक्रममा कार्यकारी अध्यक्ष छेवाङ भोटियाले आगामी नगरपालिका चुनाउमा तृणमूल कंग्रेसले विजय हासिल गरे पनि अथवा पराजय भए पनि पहाडमा गणतन्त्रको स्थापना गर्न सक्षम भएको कारण त्यो नै ठूलो जीत हो भनी दाबी गरेका छन्। 'आगामी नगरपालिका चुनाउमा हाम्रो जीत अथवा हार होस् त्यसले कुनै फरक पर्दैन। हामीले पहाडमा शान्ति र गणतन्त्र फर्काएका छौं। त्यही नै तृणमूल कंग्रेसको ठूलो जीत हो' छेवाङ भोटियाले भने। उनले पथसभालाई सम्बोधन गर्ने क्रममा पहाडमा गोजमुमो पार्टीले तानाशाही शासन चलाएको आरोप लगाउँदै त्यस तानाशाही शासनलाई समाप्त गर्नका निम्ति जनताको निम्ति चुनाउ सही समय रहेको बताएका छन्। यता पथसभालाई सम्बोधन गर्दै पूर्व पार्षद केएन सुब्बाले गोजमुमो पार्टीलाई भ्रष्टचारी दलहरूको झुण्ड रहेको बताउँदै जनताको विकासका निम्ति आएका पैसालाई मोर्चाका नेताहरूले दुरुपयोग गरेको आरोप लगाएका छन्। सरकारले जनताको विकासका कार्यका निम्ति पठाएको पैसालाई गोजमुमो नेताहरूले भ्रष्टाचार गरेको कारण नै हिसाब माग्दा पहाड बन्द गर्ने गरेको आरोप समेत सुब्बालए लगाए। यसक्रममा पथसभालाई पूर्व कालेबुङ नगरपालिका अध्यक्ष सीके कुमाई, तृणमूल कंग्रेस शहर कमिटीका अध्यक्ष ढेण्डुप भोटिया आदिले पनि सम्बोधन गरे।

### 'गोर्खाल्याण्ड भारतभरका गोर्खाहरूको पहिचान हो'

# मुद्दा दार्जीलिङ केन्द्रित बनेकोले अवधारणा अस्पष्ट बन्यो : सीके श्रेष्ठ




**खरसाङ, १५ अप्रेल।** गोर्खा नव वर्ष २०७४-को शुभ अवसरमा गोर्खा सांस्कृतिक संस्थान, खरसाङद्वारा आयोजित दुई दिवसीय 'सांस्कृतिक समावेश' को आज दोस्रो दिनको कार्यक्रममा वरिष्ठ नाटकार सीके श्रेष्ठले वार्ता पेश गरे। आशा मुखिया लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आफ्नो वार्ता पेश गर्दै श्रेष्ठले भने, गोर्खाल्याण्डको समस्या होइन, राष्ट्रिय पहिचानको समस्या हो। गोर्खाल्याण्ड राष्ट्रिय पहिचानको एक अचुक औषधि हो। उनले भने, गोर्खाल्याण्ड सम्पूर्ण भारतभरिका १ करोड़ २५ लाख गोर्खाहरूको पहिचान समस्याको समाधान हुँदाहुँदै पनि यो मुद्दा दार्जीलिङ पहाड़मा मात्र केन्द्रित बन्यो। यसको अवधारणा अस्पष्ट भयो। विकास त सबैलाई चाहिन्छ तर यही विकास यदि आफ्नो जातिको अस्तित्वको सट्टामा हो भने यसलाई अस्वीकार गर्नुपर्ने बताउँदै श्रेष्ठले भने, पहाड़मा हिजोआज विकास बोर्डहरू गठन भइरहेका छन्। विकास बोर्ड लिनेहरूले पनि लिरहेका छन् तर उनीहरूले यसको उद्देश्यको बारेमा राम्ररी बुझ्न आवश्यक छ। बोर्ड लिनेहरू तृणमूल कंग्रेस, गोरामुमो, गोजमुमो अथवा जुनसुकै पार्टीका किन नहोस् उनीहरू सबै हाम्रै गोर्खाहरू हुन्। विकासको प्रवाहमा यदि हामी बंगोप सागरमा पुग्यौं भने ठूलो असुविधा हुनेछ।

गोर्खा भारतीय विचार मञ्च कुनै संगठन होइन जबकि यो त एउटा विचार मञ्च हो। यसमा कोही सदस्य छैनन्। देश तथा जातिको अहितमा कसैले काम गर्छ भने यसलाई मञ्चले कदापि सहन गर्नेछैन। हामी दिवंगत सुवास घिसिङ अनि विमल गुरूङको भूतकाललाई पल्टाएर हेर्ने काम गर्दैनौं नत आरबी राईको दोष नै देखाइरहेका छौं किनभने यिनीहरू सबै हाम्रा नेताहरू हुन्। सही मार्गदर्शन गर्नु नै हाम्रो मुख्य उद्देश्य हो। स्थानीय पार्क लोकेशनस्थित सार्वजनिक भवनमा आयोजित कार्यक्रममा विभिन्न विधाहरूमा सफलता हासिल गर्ने क्षेत्रका कतिपय व्यक्तित्वहरूलाई संस्थानको तर्फबाट अभिनन्दित गर्दै सम्मान-पत्र प्रदान गरियो। साहित्यकार बुद्धिमान प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्थानीय कलाकारहरूद्वारा रंगारंग सांस्कृतिक प्रस्तुति पेश गरियो। कार्यक्रमको अन्तमा संस्थानकी अध्यक्षा आशा मुखिया लामाले दुइ दिवसीय यस समावेशलाई सफल बनाउनमा सहयोग पुऱ्याउने सबै पक्षप्रति हार्दिक आभार प्रकट गरिन्।

## २४ अप्रेल कोचबिहार भ्रमणमा ममता

**सिलगड़ी, १५ अप्रेल।** मुख्यमन्त्री ममता ब्यानर्जी यसै महीना फेरि उत्तर बंगाल भ्रमणमा आइरहेकी छन्। आधिकारिक सूत्रहरूले बताएअनुसार तिनी २४ अप्रेल कोचबिहार भ्रमणमा आउनेछिन्। यस भ्रमणअवधि तिनले कोचबिहार र अलिपुरद्वार जिल्लाका अधिकारीहरूसँग प्रशासनिक बैठक गर्नेछिन्। यसबाहेक विभिन्न सरकारी सहूलियतहरू प्रदान गर्ने कार्यक्रममा पनि तिनी उपस्थित रहनेछिन्। त्यस अवधि कोचबिहारको रासमेला मैदानमा ममता ब्यानर्जीले कामतापुर प्रोग्रेसिभ पार्टी (केपीपी)-को जनसभालाई पनि सम्बोधन गर्नेछिन्। त्यसै जनसभामा केपीपीले ममता ब्यानर्जीलाई सम्वर्द्धना जनाउने कार्यक्रम छ।

केपीपी प्रमुख अतुल रायले बताएअनुसार मुख्यमन्त्री ममता ब्यानर्जी स्वयंले तिनलाई फोन गरेर २५ अप्रेल केपीपीको कार्यक्रममा उपस्थित हुने सहमति जनाएकी छन्। त्यसै अनुरूप केपीपीले जनसभाको तयारी शुरू गरेको छ। कोचबिहारका जिल्लाशासक पी. उलगानाथन अनि पुलिस सुपर अनुप जायसवाललगायत पुलिस र प्रशासनका अधिकारीहरूले मुख्यमन्त्रीको जनसभास्थल छनौट गर्न रासमेला मैदाना, राजबाड़ी स्टेडियम, न्यू कोचबिहार रेलवे मैदानको परिदर्शन गरेको जानकारी छ।

मुख्यमन्त्री अन्तिमपल्ट गत २७ मार्च उत्तर बंगाल भ्रमणमा आएकी थिइन्। त्यसताक तिनी सिलगड़ीनजीक सुकना वनबंगलोमा बसेकी थिइन् अनि जलपाइगड़ी र मिरिक पनि पुगेकी थिइन्। त्यसै भ्रमणको अवधि ममता ब्यानर्जीले मिरिक महकुमा गठनको आधिकारिक घोषणा गरेकी थिइन्।

## जयगाउँमा तृणमूलविरुद्ध मोर्चाको पोस्टरिङ

**जयगाउँ, १५ अप्रेल।** गोजमुमोले डुवर्सको विभिन्न क्षेत्रमा संगठन बलियो बनाउन गत ६ अप्रेलदेखि 'गाउँ पसौं' कार्यक्रम थालेको छ। यसै क्रममा जयगाउँको ग्राम पञ्चायत-२ क्षेत्रमा गोजमुमोले पोस्टरिङ गरेको छ। पोस्टहरूमा मोर्चाले तृणमूल कंग्रेसलाई तारो बनाएको छ। पोस्टरमा ग्रम पञ्चायत प्रधानलाई धुरी खजाना, दोकानहरूको ट्रेड लाइसेन्सलगायत अन्य विभिन्न योजनाहरूको रकमको हिसाब साथै १०० दिने काम बन्द गरिएकोमा तृणमूलसँग स्पष्टीकरण मागिएको छ। मोर्चाले जयगाउँका फूटपाथका दोकानबाट तृणमूलले रकम असुलेको आरोप लगाउँदै यसमा रोक लगाउने माग गरेको छ। अर्कोतिर भाजपाले तृणमूल कंग्रेसलाई विभिन्न आरोपहरू लगाएको छ।

## डीवाईएफआईको सम्मेलन १६ अप्रेलमा

**सिलगड़ी, १५ अप्रेल।** डेमोक्रेटिक यूथ फेडरेशन अफ् इण्डिया (डीवीआईएफआई) को ४५ नम्बर वार्ड शाखा कमेटीको तर्फबाट १६ अप्रेलमा एक सम्मेलनको आयोजन गरिएको छ। सिलगड़ी नगर निगमका मेयर अशोक भट्टाचार्य एवं ४५ नम्बर वार्डका पार्षद मुंसी नुरूल इस्लाम, डीवाईएजिले नेतृत्व सम्मेलनमा हिस्सा लिनेछन्। डीवाईएफआईको ४५ नम्बर वार्ड शाखाका सचिव सुदीप दत्तले शनिबार संवाददाता सम्मेलनमा यसको जानकारी दिए। उनले बताए, १६ अप्रेल दिउँसो साढ़े तीन बजी वार्ड पार्टी कार्यालयमा सम्मेलनको आयोजन गरिनेछ।

### 'वर्तमान राजनीतिले दार्जीलिङलाई अस्सीको दशकतर्फ धकेल्दैछ'

# सांसद गोर्खाल्याण्डको मुद्दादेखि भाग्न थालेका छन् : गोरामुमो



**खरसाङ, १५ अप्रेल।** स्थानीय मोटर स्टयाण्डमा आज गोरामुमो, खरसाङ शाखाद्वारा आयोजित जनसभालाई सम्बोधन गर्दै गोरामुमो प्रवक्ता वाई लामाले भने, हामी देशको मानचित्रबाट लुप्त भएका छौं। ५ अप्रेल, १९८० सालमा भारतमा गोर्खाहरूलाई राष्ट्रिय पहिचान दिलाउने उद्देश्यले दिवंगत सुवास घिसिङको छत्रछाँयामा गोरामुमोको जन्म भएको थियो। यस अवधिमा भारत सरकारले गोर्खाखाहरूमाथि विदेशीको लाञ्छना लगाउँदै राष्ट्र विरोधी समेत घोषणा गरेको थियो। त्यसताक गोरामुमो सशस्त्र आन्दोलन गर्न बाध्य भयो जुन आन्दोलनमा १२ सयभन्दा बढ़ी गोर्खा सपुतहरू शहीद भए। स्वतन्त्र भारतमा गोर्खाहरूको स्थिति एकदमै लज्जास्पद थियो। लामो संघर्षपछि सुवास घिसिङको नेतृत्वमा दार्जीलिङ गोर्खा पार्वत्य परिषदमा समझौता भयो।उनले भने, वर्ष २००८ मा सुवास घिसिङले गोर्खाल्याण्डको 'डायलग ओपन' गर्नका लागि तत्कालीन प्रधानमन्त्री डा. मनमोहन सिंहलाई पत्र लेखेका थिए। गोर्खाल्याण्ड प्रत्येक गोर्खाको जन्मसिद्ध अधिकार हो। तर मोर्चाले ६ सय करोड़मा गोर्खाल्याण्डको मुद्दालाई दिल्लीमा बिक्री गऱ्यो। दार्जीलिङ पहाड़को वर्तमान राजनीतिक परिदृश्यमाथि बोल्दै उनले भने, गोजमुमोले आज पहाड़मा जुन किसिमको राजनीति गरिरहेको छ त्यसले अस्सीको दशकतिर धकेल्ने काम गरिरहेको छ। २००७ -सालमा गोजमुमो गठन भएदेखि आज २०१७ सालसम्म विमल गुरूङले नाटक मात्रै गर्दै आएका छन्। उनले भने, गत वर्ष २०१४ मा सिलगढ़ीमा आयोजित चुनावी जनसभालाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले गोर्खाल्याण्डको सन्दर्भमा भनेका थिए 'गोर्खाहरूको सपना मेरो सपना हो।' प्रधानमन्त्रीको उक्त वक्तव्यपछि सबैलाई यस्तो लागेको थियो कि अब गोर्खाल्याण्ड गठन भइहाल्नेछ। तर आज आफ्नै सांसद गोर्खाल्याण्डको मुद्दादेखि भाग्न थालेका छन्। उनले आरोप लगाए, गोजमुमोले आफ्नो प्रत्येक जनसभामा मुद्दा परिवर्तन गर्ने गर्दछ। कहिले गोर्खाल्याण्ड भन्छ त कहिले ११ जातिलाई जनजाति बनाउने कुरा गर्छ र कहिले त कुरै अर्कै गर्छ। छैटौं अनुसूची लागू भए गोर्खाहरूको कल्याण हुने दाबी गर्दै उनले यथाशीघ्र पहाड़मा छैटौं अनुसूची लागू गर्ने माग गरे। हामी गोर्खा भएरै बस्नुपर्छ नत्र भारतको सुनामीमा हामी पूर्णरूपले बग्नेछौं।जनसभालाई सम्बोधन गर्दै पार्टीका प्रवक्ता नीरज जीम्बाले भने, सुवास घिसिङको दूरदर्शी सोचको कारणले नै गोर्खाहरूको किपटमा हामी बाँचिरहेका छौं। कारण गोर्खाहरूको भू-भाग बचाउनमा प्रमुख भूमिका घिसिङले नै निर्वाह गरेका थिए। गोर्खाल्याण्डका बहादुर सिपाही खरसाङ निवासी स्व. बीबी गुरूङको नामलाई मेटाएर सुकना मोडल स्कूल बनाएकोमा चर्को विरोध गर्दै उनले भने, स्कूल बनाउनु राम्रो कुरा हो तर स्व. गुरूङको नाम मेटाउनु हुँदैन। अड़िबहादुर गुरूङ र डम्बर सिंह गुरूङको बारेमा विमल गुरूङद्वारा हालै गरिएको आलोचनाको उल्लेख गर्दै उनले भने, गुरूङले आफ्नै सन्तानको बारेमा यस्तो अपशब्द प्रयोग गर्न सही होइन। सुवास घिसिङको कारणले नै आज विमल गुरूङलाई दिल्लीमा चिनिन्छ। आरोप लगाए, गोर्खाल्याण्डको नाममा विमल गुरूङले जनतालाई भ्रममा पारिरहेका छन्। सुवास घिसिङलाई वृहस्पति महादेवको अवतार बताउँदै उनले खरसाङ नगरपालिका चुनाउमा गोरामुमोलाई साथ दिने आह्वान गरे। आफ्नो भूमि र जातिलाई बचाउनका लागि सबै एकबद्ध भएर छैटौं अनुसूचीको मुद्दालाई समर्थन गर्ने आह्वाव पनि गरे। शाखा अध्यक्ष निमा लामाको अध्यक्षतामा किशोर बम्जन र युद्ध छेत्रीद्वारा सञ्चालित जनसभालाई दुर्गा प्रधान, रमेश लिम्बु, फरीद अली, पीसी अग्रवाल अनि ऋषि थापाले पनि सम्बोधन गरे। आज खरसाङमा मुसलधारे पानी परिरहेको भए पनि वक्ताहरूले पानीको पर्वाह नगरी खुल्ला मञ्चबाट छाता ओढ़ेरै भए पनि आफ्नो भाषण जारी राखे।

## क्षेत्र हस्तक्षेपलाई लिएर तृणमूल-भाजपाबीच झड़प

**बीरभूम, १५ अप्रेल।** क्षेत्र हस्तक्षेपलाई लिएर बीरभूमको पाडुई इलाकामा तृणमूल-भाजपाबीच झड़पका साथै बमबाजी पनि भएको छ। यस घटनामा दुवै दलका धेरै मानिसहरू घाइते भएका छन्। धेरै घरहरू तोडफोड गरिएको छ। पार्टी कार्यालयहरू भत्काइएको छ। स्थितिलाई नियन्त्रित गर्न पुलिस बल तैनात गरिएको छ। तरै पनि शनिबार झड़प भएको छ। प्राप्त जानकारी अनुसार भाजपाले बीरभूमको पाडुई क्षेत्रमा आफ्नो राजनैतिक प्रभाव जमाउने प्रयास गरे र पाडुई आन्दोलनका समय यस कार्यमा सफल पनि भए। तर, गत विधान सभा चुनाउ अघि भाजपाको हातबाट यो ठाउँ फुत्किन पुग्यो र यहाँ तृणमूल कांग्रेसको कब्जा भयो। यस विषयलाई लिएर भाजपामा विभाजन शुरू भयो। अर्कोतिर कांथी उपचुनाउको परिणामपछि उत्साहित भाजपा क्षेत्रमा मा सक्रिय बन्न थालेको छ र पंचायत चुनाउमा तृणमूललाई कडा टक्कर दिन लागिपरेको छ। यसै कारण पाडुईमा दुई दलका कार्यकर्ताहरूबीच झड़प भएको हो।

## १७ अप्रेलमा सबै दलले सूची सार्वजनिक गर्ने सम्भावना

**मिरिक, १५ अप्रेल।** दार्जीलिङ जिल्लाका तीन अनि कालेबुङ जिल्लाको एउटा नगरपालिकामा आगामी १४ मईको दिन हुने चुनाउको आचार संहिता लागू भइसकेको छ। १७ अप्रेलदेखिको सबै दलले आ-आफ्ना उम्मेदवारहरूको नामाङ्कन दर्ता गराउनु पर्नेछ। जबकि हिल तृणमूल कंग्रेसले १७ अप्रेलकै दिन आफ्ना उम्मेदवारहरूको सूची सार्वजनिक गर्ने निधो गरेको छ भने गोजमुमोले पनि सम्भवत: त्यसै दिन उम्मेदवारहरूको नाम घोषणा गर्नेछ। चुनाउलाई लिएर प्रशासनले पनि आफ्नो तयारी पूरा गरिसकेको बताइन्छ। मिरिक नगरपालिकाका मोठ नौ वटा वार्डहरूको निम्ति हुने चुनाउको निम्ति दशवटा मतदान केन्द्र स्थापित गरिएको छ। ८ हजार ८ सय ७५ मतदाता रहेको यस मिरिक नगरपालिकामा पुरूष मतदाताहरूको संख्या ४३३३ छ भने महिला मतदाताहरू ४५४२ रहेका छन्। राजनैतिक दृष्टिकोणले संवेदनशील क्षेत्र मानिएको मिरिक नगरपालिकामा पछिल्लो वर्षको चुनाउमा ९ मध्ये ५ वटा वार्डमा मात्र मोर्चाको जित भएको थियो जबकि पहाड़का अन्य तीनवटा नगरपालिकामा भने मोर्चा निर्विरोध भएको थियो। यसपालि भने स्थिति एकदमै गम्भीर देखिन्छ। मोर्चालाई दह्रो टक्कर दिन तृणमूल कंग्रेस हरसम्भव प्रयासरत छ।

## 'शाखा पसौं अभियान' अन्तर्गत सौरेनी चियाबारीमा सभा

**मिरिक, १५ अप्रेल।** गोर्खा जनमुक्ति मोर्चा, सौरेनी समष्टिको धारावाहिक रूपमा परिचालन भइरहेको 'शाखा पसौं अभियान' अन्तर्गत आज सौरेनी चियाबारीमा सभा बसियो। सभामा शाखा प्रतिनिधि कमल चामलिङले सांगठनिक रिपोर्ट संकलन गरे। यस सौरेनी शाखामा माथिल्लो नेतृत्वले कुनै महत्व नदिएको कारण पार्टीलाई लिएर कार्यकर्ता एवं समर्थकहरूमा नैराश्यता छाएको शाखा प्रतिनिधिहरूले सभामा गुनासो पोखे जसलाई समष्टि कमिटीले स्वीकारेको समष्टिका महासचिव पूर्णसिंह राईले बताए। क्षेत्रमा पिउने पानीको समस्या समाधानका लागि शुरू गरिएको काम आजसम्म पूरा नभएको विषयमा पनि सभामा छलफल गरियो। यसरी नै मोर्चाको लोअर टोकलाङ, अप्पर टोकलाङ अनि मेची ढाँड़गाउँ शाखालाई लिएर संयुक्त सभा लोअर टोकलाङमा सीबी राईको सभापतित्वमा सम्पन्न भयो।सभामा शाखा प्रतिनिधिहरूले क्षेत्रमा व्याप्त विविध समस्याहरू विस्तारपूर्वक राख्दै यी सबै समस्याहरू पार्टी हाईकमाण्डमा पुऱ्याएर समाधान चाँड़ोभन्दा चाँड़ो समाधान गरिदिने आग्रह गरे। सोही अवसरमा संगठन विस्तारको सुविधालाई ध्यानमा राखेर लोअर टोकलाङ शाखालाई दुइवटा प्रशाखामा विभाजन गरियो। पहिलो प्रशाखामा पुरानै पदाधिकारीहरूलाई यथावत राखियो भने दोस्रो प्रशाखामा अध्यक्ष अञ्जन छेत्री, उपाध्यक्ष रतन तामाङ, सचिव सीएल सुब्बा, सहसचिव बुद्धराज राई, कोषाध्यक्ष अमित छेत्री, सल्लाहकारमा सीबी सुब्बा, सीबी राई सहित १४ जनालाई कार्यकारिणी समितिमा चयन गरिएको छ। सभामा समष्टि अध्यक्ष एनके राणा लगायत समष्टि प्रतिनिधिगणको विशेष उपस्थिति रहेको थियो।

Required
**Contract Labours**
for Factory in Tamil Nadu
*Walk in Interview:* 17th & 18th April 2017
Delisso Abode, A Sterling Holiday Resort, NH-31A,
Near New Sadar Police Stn, Development Area,
Gangtok, Sikkim 737101
Contact Mr. Chirag: 09820017069
Email: chirag@cotex.com